# ककनी गाउँपालिकाको प्रशासकीय कार्य (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको **धारा ५७ को उपधारा (४) र (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१)( नेपालको संविधानको** अनुसूची ८ र ९) ) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ककनी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम ककनी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन ककनी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले ककनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले ककनी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले ककनी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **ऐन/नियम बनाउने अधिकार** : (१) नेपालको संविधानको **धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा** (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा गाउँपालिकाले ऐन बनाउन सक्नेछ ।

**(२) नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा** (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको लागि ककनी गाउँकार्यपालिकाले आवश्यक नियम निर्देशिका कार्यविधि मापदण्ड बनाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) वमोजिम ऐन, नियम बनाउँदा संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी ककनी गाउँपालिकाले स्थानीय तहको क्षेत्राधिकार भित्रका विषयमा बनाउने छ ।

(४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन नियम स्थानीय राजपत्रमा प्रकाशित नभएसम्म लागु हुने छैन ।

(५) दफा ३ (१) र (२) बमोजिम बनाईएको ऐन तथा नियम प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही ककनी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

(२) गाउँ कार्यपालिकाले उपदफा(१) बमोजिम बनाएका निर्देशिका, कार्यविधि र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित नभएसम्म लागु हुने छैन ।